आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८१/०१/१२

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन, २०८०

नगर सभामा पेश भएको मिति: २०८०/१०/०७

नगर सभामा पारित भएको मिति: २०८०/१०/०७

प्रमाणिकरण मितिः २०८०/१०/०८

आठविसकोट नगरपालिका

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

## आठविसकोट नगरपालिका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन, २०८०

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

आठविसकोट नगरपालिका

# आठविसकोट नगरपालिका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन, २०८०

**प्रस्तावनाः** नेपालको संविधान र संघीय कानून बमोजिम दलित समुदायको हक अधिकार संरक्षण गर्दै निजहरुको समुदाय विकासका लागि विभेदपूर्ण, सामाजिक साँस्कृतिक विभेदको अन्त्य गर्दै , सामावेशी सिद्धान्तका आधारमा उचित व्यवस्थापन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नगर सभाबाट यो ऐन स्वीकृत गरी जारी गरिएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आठविसकोट नगरपालिका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन, २०८० रहेको छ " ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले दलित भनि सूचिकृत गरेका र सम्बन्धित वडाले दलित भनि सिफारिस गरी जिल्ला वा इलाका प्रशासन कार्यालय र नगरपालिकाले दलित भनि प्रमाणित गरेको समुदायका व्यक्तिलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

(झ"जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय भेदभाव तथा छूवाछूत (कसूर सजाय ) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक स्थान" भन्नाले सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ट) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पुजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा साँस्कृतिक समारोहलाई जनाउनेछ ।

(ठ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा

कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

## परिच्छेद-२

## छुवाछूत तथा भेदभाव विरुद्ध सम्बन्धमा

**३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव विरुद्धको अधिकारः** (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव युक्त व्यवहार गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस दफाको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा जातीय तथा अन्य छुवाछूत भेदभाव (कसूर र सजाय) ऐन, २०६८ बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई बमोजिम जातीय तथा अन्य छुवाछूत भेदभाव ( कसूर र सजाय ) ऐन, २०६८ क्षतिपूर्ति पाउने छ ।

## परिच्छेद-३

## दलित समुदायको अधिकार

**४.दलित समुदायको अधिकार :** (१) नगरपालिकाका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकार रहनेछ ।

(२) सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका अधिकार हुनेछ ।

(३) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने अधिकार हुनेछ ।

(४)दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक सीप र स्रोत प्राप्त गर्ने अधिकार हुनेछ ।

(५) भुमिहीन दलितलाई एक पटक जमीन प्राप्त गर्ने अधिकार कार्यान्वयन गरिनेछ ।

(६) आवासविहीन दलितलाई प्राथमिकताका आधारमा बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित भित्र पनि पहाडी दलित वादी, गर्न्धव र मधेसी दलित चमार, रैदास, हरिजन र खटिक समुदायको अधिकारलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

(८) जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर र सजायको लागि नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्न सक्ने अधिकार हुनेछ ।

(९) प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा दलित समुदायका व्यक्तिले सो कुराको उजुरी नगरपालिका नगरकार्यपालिकामा दिनेछन ।

(१०) उपदफा (९) बमोजिमको उजुरी सम्बन्धि नगरपालिका नगरकार्यपालिकाले लेखी पठाउनेछ ।

(११) नगरपालिका नगरकार्यपालिकाले लेखी पठाएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

**परिच्छेद – ४**

**शिक्षा, सीप विकास तथा रोजगारी**

**५.नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था:**

(१) दलित विध्यार्थिलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ । साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा पनि छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ।

(२) नगरपालिकाले दलित समुदायका लागि विशेष व्यवस्था गरी थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेर गुणस्तरीय शिक्षा उपलब्ध गराउने छ ।

(३) दलित छात्रवृत्ति र नि:शुल्क शिक्षाको प्राप्तिको अनुगमन प्रभावकारी रुपले गर्न कार्यविधिमा तोके बमोजिमको एक समिति गठन गरिनेछ ।

**६. छात्रवृत्ति तथा आर्थिक सहयोग सम्बन्धि व्यवस्था:**

(१) दलित विद्यार्थीलाई दलित प्रबर्दन शैक्षिक कोषबाट शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) दलित समुदाय भित्र पनि अति आर्थिक विपन्नता भएका विद्यार्थीहरूलाई यस नगरपालिकाले आर्थिक सहुलियत र सहयोग प्रदान गर्न सक्नेछ ।

(३) दलित विद्यार्थीहरूलाई डाक्टर र ईन्जिनियर अध्यायनको लागि पहिलो प्रथामिकाता दिईनेछ ।

**७. व्यवसायिक तालिम तथा स्वरोजगार:**

(१) यस नगरपालिकाले नगरक्षेत्र भित्रका सबै दलित समुदायका व्यक्तिहरूको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यवसायिक तालिम उपलव्ध गराउनेछ ।

(२) यस नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्रका विभिन्न पेशा वा व्यवसाय गर्न चाहाने दलित समुदायका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा सहुलियत दरमा ऋण तथा अनुदान उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

(३) दलित समुदायका व्यक्तिले सञ्चालन गरेको पेशा ब्यवसाय दर्ता र सञ्चालनको बखत लाग्ने सम्पुर्ण कर छुट गरिनेछ ।

(४) नगर क्षेत्र भित्र सञ्चालित कुनै कार्यालय, कम्पनी, संघ संस्था वा अन्य कुनै व्यापारिक वा व्यावसायिक निकाय वा प्रतिष्ठानले दलित समुदायका व्यक्तिलाई रोजगारी अवसरमा पहिलो प्राथामिकता दिनु पर्नेछ ।

(५) दलित समुदायका पेशा व्यवसायलाई आधुनिकिकरण गर्दै उद्योगमा परिणत गरिनेछ ।

(६) दलित समुदायका पेशाको संरक्षण गरिनेछ ।

**८. दलित समुदायका व्यक्तिलाई नियुक्त गर्नु पर्ने:**

(१) यस नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र कुनै संघ संस्था, कम्पनी, कारखाना, शैक्षिक संस्था वा प्रतिष्ठानमा दलित समुदायका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता, अनुभव र सामावेशी सिद्धान्तका आधारमा नगरपालिका भित्रको दलित समुदायको जनसंख्याको आधारमा नियुक्त गर्नु पर्ने गरी तोकिनेछ ।

**परिच्छेद –५**

**सशक्तिकरण एव सामाजिक समावेशीकरण**

**९. सामाजिक सुरक्षाः**

(१) नगरपालिकाले दलित समुदायका व्यक्तिलाई साधन श्रोतको उचित व्यवस्थापन गरी देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ ।

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख) आवास वा भुमि विहिन दलित समुदायलाई आवास वा जग्गाको व्यवस्था गर्न,

(ग) जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

(घ) औषधि तथा आवश्यक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

**१०. स्वास्थ्य सम्बन्धि व्यवस्था**

(१) यस नगर पालिकाले नगर क्षेत्र भित्रका तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पताल, नीजि अस्पताल तथा अन्य निकायद्वारा सञ्चालित अस्पताल वा स्वास्थ्य केन्द्र आदिमा भर्ना भएका अशक्त दलित समुदायका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

(४) यस नगर क्षेत्र भित्र सञ्चालित सबै अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचारसेवा प्राथमिकताका साथ दलित समुदायका व्यक्तिलाई उपलब्ध गराउनुपर्नेछ

**११. समावेशी विकासः**

क. नगर विकासका हरेक क्रियाकलापमा नगरक्षत्र भित्रका दलित समुदायका व्यक्तिहरूको सहभागिता गराइनेछ ।

ख. विकासका हरेक क्रियाकलापमा योजना निर्माण देखि योजना कार्यान्वयन र मूल्याङ्कनसम्म दलित समुदायका व्यक्तिहरूको सम्मानजनक सहभागिता गराइने छ ।

ग. विकासका हरेक विधामा दलित समुदायका सवाल समावेश गरिनेछ ।

घ. दलित मैत्री विकास अवधारणाको संयन्त्र निर्माण गरिनेछ ।

ङ. विकासको मूल प्रभाहमा दलित समुदायको विकास कार्यक्रम समावेश गरेर लैजानु पर्नेछ ।

**१२. जिविकोपार्जनः**

क. नगरपालिकाले सम्पूर्ण नगरवासी दलित समुदायका व्यक्तिहरूलाई आवश्यकताको आधारमा शिक्षा, तालिम, सिपमूलक कार्यक्रम आदिमार्फत सिप बिकास गर्नेछ ।

ख. नगरपालिकाले तालिम वा सिप प्रदान गरेका दलित समुदायका व्यक्तिहरूलाई जिविकोपार्जनका निम्ति स्वरोजगार, घरेलु तथा साना उद्योग सञ्चालन गर्न लगानीको वातावरण गरिदिनेछ ।

ग. दलित समुदायका व्यक्तिहरूले व्यक्तिगत वा सामुहिक रुपमा उत्पादन गरेका विभिन्न उत्पादनको बजार व्यवस्था हुन नसकेमा सोको व्यवस्थापन नगरपालिकाले नै गरिदिनेछ ।

घ. कुनै पनि दलित समुदायलाई सडकमा मागेर बस्न पाउने छैन । कुनै न कुनै उत्पादन कार्यमा लगाइने छ ।

ङ. दलित समुदायका परम्परागत सीप, ज्ञान र अनुभवलाई आधुनिकिरण गरिनेछ ।

**१३. सहुलियत र सुविधाः**

(१) यस नगरपालिकाले दलित समुदायका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

## परिच्छेद-६
## समिति तथा कोष

**१४. दलित अधिकार प्रबर्द्धन समितिः**

(१) नगरपालिकामा दलित समुदायका व्यक्तिहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले नगरपालिकाले यो ऐन र अन्य प्रचलित कानूनले प्रदान गरेका सेवा, सुविधा तथा अधिकारको प्रयोग गर्नका लागि नगर प्रमुखको अध्यक्षतामा वा निजले तोकेको व्यक्तिको अध्यक्षतामा एक दलित अधिकार प्रबर्द्धन समिति गठन गर्नेछ ।

(२) दलित अधिकार प्रबर्द्धन समितिमा देहाय बमोजिमका ब्यक्तिहरू रहने छन् ।

- क. नगरप्रमुख - अध्यक्ष
- ख. नगरपालिकाको भौगोलिक क्षेत्र भित्र दलित अधिकार, दलितका विविध क्षेत्रमा ख्याति कमाएको दलित समुदायकालागि लामो समय देखि योगदान पुर्याएको दलित समुदायको मध्ये नगरपालिका नगरकार्यपालिकाले मनोनित गरेको एक जना व्यक्ति - उपाध्यक्ष
- ग. सामाजिक विकास समिति संयोजक एक जना - सदस्य
- घ. दलित अधिकार क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य अनुभव संगालेका व्यक्तिहरू मध्येबाट १ जना महिला पर्ने गरी नगरपालिकाद्वारा मनोनित दलित समुदायका ३ जना - सदस्य
- ङ. प्रमुख प्रशासासकीय अधिकृत - सदस्य
- च. नगर प्रमुखले तोकेको नगरकार्यपालिकाको सदस्यहरुबाट १ जना महिला सहित ३ जना - सदस्य
- छ. सामाजिक शाखा प्रमुख - सदस्य-सचिव

**१५. दलित अधिकार प्रबर्द्धन समिति को काम कर्तव्य र अधिकारः**(१) दलित अधिकार प्रबर्द्धन समिति को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

- क. दलित समुदायको अधिकार संरक्षण र हित प्रवर्द्धनको लागि गाउँ गाउँ टोल टोल सम्म सचेतनामुलक कार्यक्रम गर्दै प्रचार प्रसार र पैरवी गर्ने ।
- ख. दलित समुदायको अधिकार संरक्षण र प्रवर्द्धनका लागि देखा परेका समस्या समाधान गर्ने ।
- ग. जातीय छुवाछूत तथा भेदभाव कसुर र सजाय ऐन, २०६८ लाई कार्यान्वयन गर्ने गराउने ।
- घ. दलित विध्यार्थीको निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाएर कार्यान्वयन गर्ने गराउने ।
- ङ. दलित समुदायको लागि विनियोजन बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।
- च. दीगो विकास कार्यक्रम र दलित समावेशीकरण गर्ने गराउने ।
- छ. विकासका हरेक क्षेत्रमा दलित समावेश गरेर लैजाने ।
- ज. समितिले नगर भरीका सबै दलित समुदायका व्यक्तिहरूले पाउने अधिकार, उनिहरूले निर्वाह गर्नुपर्ने कर्तव्य र नगरपालिकाले प्रदान गर्ने सेवा सुविधा आदिको एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने छ ।
- झ. दलित समुदायकालागि समितिले शिक्षा, स्वास्थ्य, तालिम, छात्रवृत्ती पहिचान आदिमा विशेष चासोका साथ समन्वय गरेर काम गर्नेछ ।
- ञ. सेवा सुविधा तथा लगानीमा दोहोरो नपारेर सबैलाई व्यवस्थापन गर्ने जिम्मा यस समितिको हुनेछ ।

ट.   तोकिए बमोजिम अन्य कार्य गर्ने गराउने।

**१६. दलित अधिकार निगरानी केन्द्र**

(१) दलित समुदायको अधिकार संरक्षण, प्रवर्दन गर्न दलित समुदायको समग्रह विकास गर्न र जातीय तथा अन्य छुवाछूत र भेदभावको कसूर र सजायको व्यवस्थापन गर्न एक इकाईको रुपमा दलित अधिकार निगरानी केन्द्र रहनेछ।

(२) दलित निगरानी केन्द्रमा एक अधिकृत र एक सहायक कर्मचारीको व्यवस्था गरिनेछ।

**१७. दलित अधिकार संरक्षण र प्रबर्द्धन कोष**

(१) दलित समुदायको अधिकारको संरक्षण र प्रवर्द्धन साथै अन्य सेवा तथा सुविधा प्रदान गर्नका लागि नगरपालिकाले एक दलित अधिकार संरक्षण र प्रबर्द्धन कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशीव्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम,

(च ) नगरपालिकाको आन्तरिक श्रोतबाट संकलन भएको रकम मध्येबाट नगर कार्यपालिकाको निर्णयबाट बिनियोजित रकम,

(छ ) दलित अधिकार संरक्षण र प्रवर्दन कोषमा संघीय र प्रदेश सरकारबाट यस पालिकालाई प्राप्त कार्यक्रम र बजेट समेत कोषमा राखिनेछ र कोषको परिचालन दलित समावेशि विकास अवधारणामा गरिनेछ।

(३) दलित अधिकार संरक्षण र प्रवर्दनकोषका लागी नगर सभाले निश्चित रकम निर्धारण गरि कोषमा संकलन गर्नेछ।

(४) दलित अधिकार संरक्षण र प्रबर्द्धन कोषको बैंक खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतको हस्ताक्षरमा बैंक खाता सञ्चालन गरिनेछ।

(५) दलित समुदायको अधिकार संरक्षण र प्रवर्दन कोषको परिचालन निर्देशिका र कार्यविधिले तोके  बमोजिम हुनेछ।

(६) संविधान संघीय कानून संग बाझिएको हक सम्म संघीय कानून अनुरुप हुनेछ।

## परिच्छेद-७
## विविध

**१८. ऐन संशोधन**: यस ऐनको आवश्यक संशोधन तथा थपघट नगर सभाले गर्न सक्नेछ।

**१९. नियमबनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम निर्देशिका र कार्यविधि आदि बनाउन र लागू गर्न सक्नेछ।